नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्थापन शाखा
सिंहदरबार, काठमाडौं

फोन नं.: ०१-४२००२६३
फ्याक्स : ०१-४२००३३६
ईमेलः municipal@mld.gov.np

प.सं. २०७३।७४
च.नं. [illegible]

मितिः-२०७४।१।१२

**विषयः निर्णय कार्यान्वयन गरी प्रगति उपलब्ध गराउने सम्बन्धमा ।**

श्री काठमाडौं/ललितपुर महानगरपालिका ।
श्री कीर्तिपुर, दक्षिणकाली, चन्द्रागिरी, तारकेश्वर, नागार्जुन, शंखरापुर, टोखा, कागेश्वरी मनोहरा, गोकर्णेश्वर, बुढानिलकण्ठ, महालक्ष्मी, गोदावरी, भक्तपुर, मध्यपुर थिमी, सूर्यविनायक र चाँगुनारायण नगरपालिका ।

मिति २०७४।१।५ गते श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा काठमाडौं उपत्यकाको सडक विस्तार, वायु प्रदुषण, ट्राफिक व्यवस्थापनका सम्वन्धमा सम्बद्ध निकायका पदाधिकारीहरु सहितको वैठकबाट भएका निर्णयहरु (पाना २) यसैसाथ संलग्न राखी पठाइएको छ । उक्त बैठकबाट भएका निर्णयहरुमध्ये तहाँ कार्यालयबाट सम्पादन गर्नुपर्ने कार्यहरु गरी सोको प्रगति पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

[illegible]
(केशवराज पाँडे)
शाखा अधिकृत

**बोधार्थः**
श्री सूचना तथा विद्युतीय शासन शाखाः यस पत्रलाई मन्त्रालयको वेव साइटमा अपलोड गरिदिनुहुन अनुरोध छ ।

मिति २०७४ वैशाख ५ गते श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकका निर्णयहरु :

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| सि.नं. | निर्णय | जिम्मेवार निकाय |
|---|---|---|
| १ | सवारी साधनको प्रदुषण जाँच गर्ने मेशिन खरिद गरी सडकमै आकस्मिक सवारी प्रदुषण जाँच गरी तोकिएको मापदण्ड भन्दा वढी प्रदुषण गर्ने सवारी साधन (दुई पाङ्ग्रे र चारपाङ्ग्रे) हरूलाई सोहि स्थानमै कारवाही गरी तोकिएको मापदण्ड भित्र नल्याएसम्म सवारी संचालनमा रोक लगाउने । | यातायात व्यवस्था विभाग<br>महानगरीय ट्राफिक प्रहरी काठमाण्डौं |
| २ | मेलम्ची खानेपानी आयोजनाको पाइप विच्छ्याउने, रिङ्गरोड विस्तार लगायत काठमाण्डौं उपत्यकामा सडक विस्तार, मर्मतको कारणले हुने वायु प्रदुषण तथा यातायातको संचालनमा भएको अवरोध हटाई वायु प्रदुषण नियन्त्रण तथा यातायात व्यवस्था सहज वनाउन निम्न कार्य गर्ने: | |
| | (क) मेलम्ची खानेपानी आयोजनाको पाइप विच्छ्याउनासाथ जो जे गर्नुपर्ने हो गरी यातायात सहज संचालन गराउने । उपर्युक्त कामको लागि Field मा खटिने प्राविधिक/सुपरभाइजरहरूलाई तोकिएको कामप्रति जिम्मेवार बनाउने । | - आयोजना कार्यान्वयन निर्देशनालय |
| | (ख) त्रिपुरेश्वर देखि नागढुङ्गासम्म सडक विस्तारको लागि भत्काउनुपर्ने संरचना भत्काउने, हटाउनु पर्ने ५७५ वटा विजुलीका पोल, टेलिफोनका क्याविनेट आदि हटाई सडक विस्तारको काम तदारूकताका साथ सम्पन्न गर्ने । | - काठमाण्डौं उपत्यका विकास प्राधिकरण<br>- सडक विभाग<br>- नेपाल विद्युत प्राधिकरण<br>- नेपाल टेलिकम |
| | (ग) मित्रपार्क देखि गौरीघाट हुँदै जोरपाटी, चावहिल – बौद्ध खण्ड, तिनकुने– कोटेश्वर लगायतका वाटोलाई तत्काल मर्मत गरी यातायात सहज ढंगले आवागमन हुने व्यवस्था मिलाउने ।साथै काठमाण्डौं उपत्यका भित्रका सडकमा भएका खाल्टाखुल्टी टाली सडक चालु हालतमा राख्ने । | - सडक विभाग<br>- काठमाण्डौं महानगरपालिका ✓<br>- सम्वन्धित नगरपालिकाहरु ✓ |
| | (घ) काठमाण्डौं महानगरपालिकाले सडक वत्ति जडान गर्ने सन्दर्भमा विग्रेका सडक मर्मत र विस्तारको काम तदारूकताका साथ गर्ने । | - काठमाण्डौं महानगरपालिका ✓<br>- सडक विभाग<br>- सम्वन्धित नगरपालिकाहरु ✓ |
| | (ङ) काठमाण्डौं उपत्यकाका मूल सडकहरूमा सडक विभागले तथा भित्री सडकहरूमा काठमाण्डौं महानगरपालिका तथा सम्वन्धित नगरपालिकाहरूले Lane Marking र Zebra Crossing का लाइनहरू साबुत अवस्थामा राख्ने राख्ने । | - सडक विभाग<br>- काठमाण्डौं महानगरपालिका ✓<br>- सम्वन्धित नगरपालिकाहरु ✓ |

| | | |
|---|---|---|
| | (च) सडक विभाग तथा काठमाण्डौं महानगरपालिका र उपत्यका भित्रका अन्य नगरपालिकाहरूले सडक सफाई र सोको अनुगमन गर्ने जिम्मेवार पदाधिकारी तोकी सफाईको अवस्था (विगत र सफाई पछाडीको) देखिने गरी Digital Copy सहितको प्रतिवेदन तयार गर्ने । | सडक विभाग<br>काठमाण्डौं महानगरपालिका<br>- उपत्यका भित्रका सबै नगरपालिकाहरू |
| | (छ) काठमाण्डौं महानगरपालिका सहित उपत्यकाका अन्य नगरपालिकाहरूका सडक पेटीमा रहेका पसल तथा निर्माण सामाग्री पूर्णरूपमा हटाई सडक पेटी खाली गराउने । | - काठमाण्डौं महानगरपालिका<br>- उपत्यका भित्रका सबै नगरपालिकाहरु |
| | (ज) ट्राफिक व्यवस्थापन सम्बन्धमा सर्वसाधारणबाट १०३ नम्बर तथा अन्य माध्यमबाट आएका गुनासा तथा सुझावहरू सम्बोधन गरी प्रतिवेदन तयार गर्ने। गुनासो संबोधन, सुझाव कार्यान्वयनको जानकारी गुनासोकर्तालाई दिने व्यवस्था मिलाउने । | - महानगरीय ट्राफिक प्रहरी कार्यालय |
| ३ | काठमाण्डौं उपत्यकामा ध्वनी प्रदुषण न्यूनीकरण गर्न शुरू गरिएको No Horn Campaign लाई सफल बनाउन महानगरपालिकाहरुले जनचेतनामूलक र्‍याली आयोजना गर्ने । | - काठमाण्डौं महानगरपालिका<br>- उपत्यकाका अन्य नगरपालिकाहरु<br>- यातायात व्यवस्था विभाग<br>- महानगरीय ट्राफिक प्रहरी कार्यालय |
| ४ | काठमाण्डौं उपत्यकामा भैरहेको सार्वजनिक निर्माण र यातायात व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा अर्न्तनिकायगत समन्वय गर्न निम्न बमोजिमको सार्वजनिक निर्माण यातायात सेवा व्यवस्थापन तथा कार्यान्वयन समिति गठन गर्ने:<br>कार्यकारी अधिकृत, काठमाण्डौं महानगरपालिका -संयोजक<br>अधिकृत प्रतिनिधि, पूर्वाधार विकास हेर्ने (ललितपुर महानगरपालिका) -सदस्य<br>अधिकृत प्रतिनिधि, आयोजना कार्यान्वयन निर्देशनालय -सदस्य<br>अधिकृत प्रतिनिधि, मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय -सदस्य<br>अधिकृत प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण -सदस्य<br>अधिकृत प्रतिनिधि, यातायात व्यवस्था विभाग -सदस्य<br>अधिकृत प्रतिनिधि, काठमाण्डौं उपत्यका विकास प्राधिकरण -सदस्य<br>प्रमुख, शहरी पूर्वाधार विकास काठमाण्डौं महानगरपालिका -सदस्य सचिव<br><br>उल्लिखित समितिले आफूले गरेको कामको प्रतिवेदन १५/१५ दिनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने । | |